# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

**Babar Mahal/Anamnagar, Kathmandu, Nepal**

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

पत्र सङ्ख्याः २०८०।८१

च.नं. : ५२७

मितिः २०८०।११।२१

## प्रेस विज्ञप्ति




आज मिति २०८०।११।२१ गते महालेखापरीक्षकको कार्यालयका कार्यवाहक महालेखापरीक्षक श्री वामदेब शर्मा अधिकारी र एसियाली विकास बैंकका देशीय निर्देशक श्री आर्नोड काश्वा बीच शिष्टाचार भेट सम्पन्न भयो । उक्त अवसरमा एसियाली विकास बैंकको सहयोगमा सञ्चालित परियोजनाको आयोजना हिसावको लेखापरीक्षण सम्बन्धमा दुईपक्षीय कार्यसूचीमा हस्ताक्षर सम्पन्न भयो ।

सो अवसरमा उपमहालेखापरीक्षक श्री पदमराज पौडेलले आयोजना हिसाव लेखापरीक्षण सम्बन्धमा, प्रतिवेदन प्रणाली लेखापरीक्षणको मानदण्डको प्रयोग, लेखापरीक्षणको समयावधी र पद्धती तथा लेखापरीक्षकको क्षमता विकासमा दुई पक्षीय कार्यसूची (Terms of Reference) ले थप सहयोग हुने व्यहोराको जानकारी गराउनु भयो। एसियाली विकास बैंकको देशीय निर्देशक श्री आर्नोड काश्वाले एसियाली विकास बैंकको सहयोगमा सञ्चालनमा रहेका आयोजनाहरुको समयमा नै लेखापरीक्षण सम्पन्न गर्ने र खरिद प्रकृया लगायतको विषयमा लेखापरीक्षकहरूको क्षमता विकास तथा सार्वजनिक जवाफदेहिताको विषयमा आफ्नो विचार व्यक्त गर्नु भयो।

कार्यवाहक महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीले एसियाली विकास बैंकले नेपालको आर्थिक विकासमा गर्दै आएको सहयोग र सञ्चालित आयोजनाहरुको समयमा नै लेखापरीक्षण लगायतको विषयमा चर्चा गर्दै हस्ताक्षर भएको कार्यसूचीले अबको दिनमा थप सहजिकरण हुने विश्वास व्यक्त गर्नुभयो। सो अवसरमा एसियाली विकास बैकको सहकार्यबाट लेखापरीक्षकहरुको क्षमता अभिबृद्धि कार्यक्रममा समेत सहयोग पुगेको व्यहोरा राख्दै धन्यवाद व्यक्त गर्नु भयो ।

उक्त अवसरमा उपमहालेखापरीक्षक, एसियाली विकास बैक नेपालको प्रतिनिधि, नायब महालेखापरीक्षक लगायतका कर्मचारीहरुको उपस्थिति रहेको थियो।

(रमेश सुवेदी)

सहायक प्रवक्ता/निर्देशक